नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर ।

मिति: २०८१।१०।२३

**मिति २०८१ फाल्गुण ४, ५, ६ र ७ गते (तदनुसार २०२५ फेब्रुअरी १६, १७, १८ र १९) मा हुने हवाई उडानबाट दक्षिण कोरिया जाने कामदारहरुको लागि अत्यन्त जरुरी सूचना ।**

यसै साथ संलग्न HRD Service of Korea बाट उल्लिखित मितिको हवाई उडानका लागि प्राप्त भएका नामावलीको सूचिमा भएका व्यक्तिहरूले तपसिल बमोजिमका कागजातहरू तपसिलको मिति र समयमा अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । सूचिमा नाम भएका व्यक्तिहरुले उडान पूर्व गर्नुपर्ने आवश्यक तयारी (अनलाईन श्रम स्विकृति) लिई तोकिएको मिति र समयमा कोरिया प्रस्थान गर्नु पर्नेछ । तोकिएको मिति र समयमा तयारी नगर्ने कामदारहरूको निर्धारित उडान तालिका प्रभावित हुन सक्ने व्यहोरा जानकारी गराईन्छ । उडान नामावली सूचिमा नाम भएका तर कोरिया जान नचाहनेहरुले सोको जानकारी, यथाशीघ्र लिखित रुपमा यस शाखामा गराईदिनुहुन समेत अनुरोध छ । जानकारी नगराउनेको हकमा स्वंयम जिम्मेवार हुनुपर्ने छ ।

**पुनश्चः-** श्रम स्वीकृतको आवेदन स्वीकृत भएमा सो को निस्सा सम्बन्धित व्यक्तिहरुले जुनसुकै ठाउँबाट (https://feims.dofe.gov.np/Common-Login.aspx) मा गई आफ्नो Username र Password प्रबिष्टि गरी प्रिन्ट गर्न सकिने छ ।

- सम्बन्धित व्यक्तिले www.visa.go.kr मा गई आफ्नो भिषा जारी भएको नभएको हेर्न सकिने छ ।

**कार्यालयमा राहदानी लिन आउँदा गर्नुपर्ने कार्यहरु:**

- माछापुच्छे बैंकमा ई.पि.एस. कार्यालयको खातामा **४६.२०** डलर बराबरको नेपाली रूपैयाँ पोर्टलमा गई अनलाइनबाट दाखिला गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- कम्तिमा ६ बर्षे वैदेशिक रोजगार आबधिक जीवन वीमा गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- वैदेशिक रोजगार कल्याणकारी कोष वापतको रकम **रु. २५००/-** र नेपाल सरकारले वैदेशिक रोजगारमा जाने नेपाली श्रमीकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागि गराउने निर्णय गरेकोले सो सामाजिक सुरक्षा कोषवापत न्यूनतम **रु २३०८/-** भुक्तानी गर्नुपर्ने र सो रकम भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।

UBT पासर कामदारको हकमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेंपाटी ललितपुरबाट लिएको पूर्व अभिमुखिकरण तालिम (Pre–Departure Training) को प्रमाणपत्रको प्रतिलिपि, पेश गर्नु पर्ने छ ।

- हवाई टिकट **Universal Tours & Travel** महाराजगंज बाट एक ट्रान्जिटवाट उडान भई दक्षिण कोरिया जान प्रति कामदार प्रति टिकट भ्याट सहित नेपाली रकम **रु ५४९९१.४५** (अक्षरुपी चौवन्व हजार नौ सय एकानब्बे पैसा पैतालीस मात्र) ग्लोबल बैंकको खातावाल नाम Universal Tours And Travels P.Ltd को खाता नं ०७५०१०१००००२८१ मा (सोमबार वा मंगलबार) भुक्तानी गरी सो को भौचर साथमा लिई अभिमुखिकरण तालिमको दिन आउनु पर्ने छ ई.पि.एस शाखावाट हवाई टिकट वितरण हुनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर ।

## पूर्व अभिमुखिकरण तालिम र राहदानी वितरण गर्ने मिति र समय:

- मिति २०८१ फाल्गुण ४ र ५ गते उडान हुने रेगुलर कामदारहरुले मिति २०८१ माघ ३० गते (तदनुसार १२, फेब्रुअरी २०२५) बुधबार बिहान ११:०० बजे उपस्थित हुनु पर्ने छ ।
- मिति २०८१ फाल्गुण ६ र ७ गते उडान हुने रेगुलर र कमिटेड कामदारहरुले मिति २०८१ फाल्गुण ०५ गते (तदनुसार १७ फेब्रुअरी, २०२५) सोमबार बिहान ११:०० बजे उपस्थित हुनु पर्ने छ।

**पुनश्चः-** उडान हुनु भन्दा अगाडि ई.पि.एस. शाखावाट हुने अभिमुखीकरण तालिममा सबैजना **अनिवार्य रुपमा** सहभागी हुनुपर्नेछ ।

- २०८१ फाल्गुण ५ गते (तदनुसार फेब्रुअरी १७, २०२५) मा उडान हुने HRD Service of Korea वाट प्राप्त रेगुलर उत्पादन क्षेत्र तर्फको कामदारहरुको नेम्टयाग सूचीको सि.नं. MA-1 देखि MA-77 सम्मको र रेगुलर कृषि क्षेत्र तर्फको कामदारहरुको नेम्टयाग सूचीको सि.नं. AG-1 देखि AG-13 सम्मकोश्रमिकहरुले मिति २०८१ फाल्गुण ०१ र अन्यको हकमा उडानको एक दिन अगावै तोकिएको स्वास्थ्य संस्थाबाट VDRL परीक्षण गराई सो को सक्कलै निस्सा साथमा लिएर जानु पर्नेछ।
- साथै दक्षिण कोरिया जादा अनिवार्य रुपमा नागरिकता र प्यान कार्ड साथमा राख्नुपर्नेछ ।

**ई .पि. एस. कोरिया शाखा**